# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


## बालबालिका र महिलाहरूको सुरक्षा, संरक्षण र निगरानीमा विशेष ध्यान पुऱ्याउन आयोगको आग्रह

२०७२ असोज ६ गते

प्रेस विज्ञप्ती

देशमा आएको विनाशकारी भुकम्प पछि केही दिन यता विभिन्न जिल्लाबाट महिला र बालबालिका ओसारपसार भएको भन्ने समाचार र महिला बालाबालिका माथि विभिन्न किसिमका लैङ्गिक हिंसा भएका भन्ने घटना प्रति आयोगले चासो व्यक्त गरेको छ ।

आयोगका अध्यक्ष माननीय अनूप राज शर्माले नेपाल सरकार अन्तर्गतका सरोकारवाला निकायका प्रतिनिधिहरूलाई बालबालिका र महिलाको सुरक्षा, संरक्षण र निगरानीमा विशेष ध्यान पुऱ्याउन निर्देशन दिनु भएको छ । साथै अभिभावकको अनुमती विना बालबालिकाको ओसारपसार गर्ने, अपहरण गर्ने जस्ता गैरकानुनी कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारवाही अगाडी बढाउन, राज्य आम नागरिकको अभिभावक भएकोले अनाथ र असहाय बालबालिकालाई उद्धार गरी उनीहरूको शिक्षा, स्वास्थ्य सहित बसोवासको व्यवस्था मिलाई बालअधिकार र महिला अधिकार संरक्षणप्रति राज्यको दायित्व निर्वाह गर्न समेत आग्रह गर्नु भयो । साथै विभिन्न जिल्लाबाट स्थानान्तरण भएका बालबालिकाको तथ्यांक अद्यावधिक गर्ने संयन्त्रको विकास गर्न र बाल अधिकार सम्बन्धमा निरन्तर अनुगमन गर्न निर्देशन दिनु भएको छ । सो अवसरमा गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरीका प्रतिनिधिले बालअधिकार र महिला हिंसाका घटना रोकथाम र कानूनी कारवाहीका लागि भएका कामकारवाही बारे आयोगलाई जानकारी गराउनु भएको थियो ।

आयोगमा भएको छलफलमा आयोगका माननीय अध्यक्ष अनूप राज शर्मा, माननीय सदस्य सुदिप पाठक तथा नेपाल सरकार गृह मन्त्रालयका सहसचिव लक्ष्मीप्रसाद ढकाल, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयका सहसचिव राधिका अर्याल, काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी सरद कुमार पोखरेल, महिला विभागका निर्देशक विजया प्रसाई, नेपाल प्रहरीका उपरीक्षक विश्वराज पोखरेल, केंद्रीय बालकल्याण समितिको निर्देशक तारक धिताल लगायतको उपस्थिती थियो ।

वेदप्रसाद भट्टराई

का.मु. सचिव